# सिद्धिचरण नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय ओखलढुंगा
## कोशी प्रदेश, नेपाल

**भेटनेरी औषधी खरिद सम्बन्धि विधुतिय दरभाउ आव्हानको सूचना**

(प्रथम पटक प्रकाशित मितिः २०८१।०७।१४)

यस कार्यालयको चालु आ.व.०८१/०८२ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार यस नगरपालिका अन्तरगतका पशु विकास शाखाबाट वितरण हुने पशुपन्छीका निशुल्क वितरण गरिने औषधीहरु विद्युतीय दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक र योग्य फर्महरुले तपसिलमा उल्लेखित शर्त बमोजिम विद्युतीय दरभाउ पेश गर्न आव्हान गरिन्छ ।

१.दरभाउ पत्रदाताले यस कार्यालय वा सार्वजनिक खरिद अनुगमन कार्यालयको e-GP प्रणालीकोwww.bolpatra.gov.np/egp बाट दरभाउ पत्र सम्बन्धमा थप जानकारी प्राप्त गर्न सक्नुहुनेछ ।

२. दरभाउ पत्र सम्बन्धि कागजात वापतको दस्तुर तल उल्लेखित बैंकमा दाखिला गरेको भौचर स्क्यान (pdfformat)e-GP पोर्टलमा अपलोड गरी दरभाउ पत्र सम्बन्धी कागजातहरु सार्वजनिक खरिद अनुगमन कार्यालयको e-GP पोर्टल http://www.bolpatra.gov.np/egp बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।

**दरभाउ पत्र सम्बन्धी कागजात वापतको दस्तुर दाखिला गर्ने बैंकको विवरण :**

बैकको नामः राष्ट्रिय वाणिज्य वैक, शाखा कार्यालय, ओखलढुंगा

कार्यालयको नामः सिद्धिचरण नगरकार्यपालिकाको कार्यालय, ओखलढुंगा

बैक खाता नं.: २०७०१००३०१०१०००३ राज्शव शिर्षक: १४२१३ कार्यालय कोड : ८०१०११००१

३. दरभाउ जमानत बापतको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय ओखलढुंगा स्थित धरौटी खाता नम्बर २०७०१००३०३००००३ मा जम्मा गरेको सकल भौचर( दोश्रो प्रति) वा नेपाल राष्ट्र बैंकबाट "क"वर्गको ईजाजत प्राप्त बाणिज्य बैंकहरुबाट यस कार्यालयको नाममा जारी भएको बोलपत्र जमानतपत्र पेश गर्नु पर्नेछ र त्यस्तो बोलपत्र जमानतको मान्य अवधि बोलपत्र खोल्न तय भएको मिति भन्दा कम्तीमा ७५ दिन बढी हुनु पर्नेछ ।

४. दरभाउपत्रदाताले खरिद कार्यमा अयोग्य नभएको, प्रस्तावित खरिद कार्यमा आफ्नो स्वार्थ नबाझिएको, खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको र व्यवसाय सम्वन्धी कसुरमा सजायँ नपाएको भनी लिखित स्वघोषणापत्र पेश गर्नु पर्नेछ ।

५. दरभाउपत्र आव्हान सम्बन्धि सूचना प्रकाशन गरिएको मितिको तपशिलको मिति भित्र विद्युतीय माध्यमबाट दरभाउपत्र पेश गर्नु पर्नेछ ।

६. तोकिएको समयभित्र रितपूर्वक दर्ता हुन आएका विद्युतीय दरभाउपत्रहरु सोही दिनको १४.०० बजेदेखि (दरभाउपत्रदाताका प्रतिनिधिहरुको रोहवरमा)( प्रतिनिधि उपस्थित नभए पनि) यस कार्यालयमा खोलिनेछ ।

७. दरभाउपत्र विद्युतीय माध्यमबाट पेश गर्ने अन्तिम दिन विदा परेमा विदा पछि लगत्तै कार्यालय खुलेको दिन सूचनामा तोकिएको समय भित्र विद्युतीय दरभाउपत्र पेश गर्न सकिनेछ ।

८. सिलवन्दी दरभाउपत्र साथ विश्वसनिय पशुपन्छी कम्पनीका गुणस्तरयूक्त औषधि व्यवस्था विभागमा रजिष्टर भएको हुनुपर्ने छ र प्रत्येक औषधीको आयत इजाजत पत्र उत्पादन अनुज्ञापत्र पेश गर्नु पर्ने छ साथै पशुपन्छी औषधी उत्पादन गर्ने कम्पनीको नाम समेत उल्लेख गर्नुपर्ने छ ।

९. आपूर्ति हुने औषधीहरुको Expiry Date स्टोर दाखिला हुन आएको मितिमा कम्तीमा १८ महिना बाँकी हुनु पर्नेछ । तर, कुनै औषधीको Expiry Date १८ महिना भन्दा कम हुने अवस्थामा कूल Expiry Date को ७५ प्रतिशत म्याद बाँकी भएको हुनु पर्नेछ ।

१०. आपूर्ति हुने औषधीहरुको प्रत्येक Strip/Lebeling / Packeting को बाहिर उत्पादन मिति, Expiry Date, Batch No., उत्पादक कम्पनीको नाम उल्लेख भएको हुनु पर्नेछ ।

११. धुलो र झोल औषधी बाहेकका औषधीहरु Strip मा मात्र आपूर्ति गर्नु पर्नेछ । बोतल र ट्यूबमा आपूर्ति हुने सबै औषधीहरु सिलबन्दीहुनु पर्नेछ ।

१२. कार्यालयको सम्म औषधी ढुवानी वापत लाग्ने खर्च र सबै प्रकारका करहरु दरभाउपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

१३. बोलपत्रदाताले उपलब्ध गराउने औषधी स्वदेशी उत्पादन भएमा खरिदकर्ताको नाममा उल्लेखित बोलपत्र प्रयोजनको लागि जारी गरिएको सक्कल आधिकारिक पत्र (Authorization Letter) विदेशी उत्पादन भएमा नेपाल भित्र वितरणको लागि तोकिएको आधिकारिक एजेन्टबाट लिएको सक्कलै आधिकारिक पत्र र औषधी व्यवस्था विभागको पैठारी सिफारिस पत्रको नवीकरण गरिएको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।

१४. यो सूचनामा उल्लेख भएका कुराहरुको हकमा यसै बमोजिम र सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली,२०६४ बमोजिम हुनेछ ।

१५. अन्य आवश्यक कुराहरु जानकारी लिनु परेमा सम्पर्क नं. ९८४९५०१५६३ मा सम्पर्क राख्न सकिनेछ ।

तपसिल

| सि.नं. | ठेक्का संकेत नं. | बिवरण | इष्टिमेट अंक ( भ्याट केहीमा मात्र लाग्ने) | जमानत रकम रु. | बोलपत्र पेश गर्ने अन्तिम मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | Goods/SQ/09/2081/82 | भेटनेरी औषधी खरिद | ११,९७,८०६/०९ | ३०,०००।- | २०८१/०७/२९, १२:०० बजे | |

निलकण्ठ विश्वकर्मा
प्रमुख प्रशासकीय अधिकृत